# एक शैक्षिक संस्थ एक उद्यम कार्यक्रम संचालन कार्यविधि, २०७८

उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल
२०७८

# एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालन कार्यविधि, २०७८

स्वीकृत मितिः २०७८।०८।२०

**१. प्रस्तावनाः** उमाकुण्ड गाउँपालिकाको नीतिअनुसार गुणस्तरीय शिक्षाको लागि सार्वजनिक शिक्षाको सबलीकरण, शैक्षिक रुपान्तरण, नवप्रवर्तन र उद्यमशीलता विकास गरी शैक्षिक संस्था मार्फत सामाजिक तथा आर्थिक रुपान्तरबाट समृद्ध नेपाल तथा सुखी नेपाली अभियानलाई टेवा पुऱ्याउन गाउँपालिकाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यका साथ यो कार्यविधि बनाईएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नामः **एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालन कार्यविधि, २०७८** रहेको छ ।

(२) यो कार्यविधि, गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**३. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नालगेमा यस कार्यविधिमा–

क) "एक शैक्षिक संस्था उद्यम कार्यक्रम" भन्नाले गाउँपालिकाद्धारा सामुदायिक विद्यालयहरुमा उद्यमशीलता विकासका लागि संचालित कार्यक्रम सम्झनु पर्दछ ।

ख) "गाउँपालिका" भन्नाले उमाकुण्ड गाउँपालिका सम्झनु पर्दछ ।

ग) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

घ) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

ङ) "शैक्षिक संस्था" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू भएका शैक्षिक संस्था सम्झनु पर्दछ ।

च) "विद्यार्थी उद्यमी क्लब" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालनका लागि गठन गरिएका विद्यार्थी उद्यमी क्लब सम्झनु पर्दछ ।

छ) "उद्यम कोष" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू भएका शैक्षिक संस्थामा उद्यम संचालनका लागि स्थापित कोष सम्झनु पर्दैछ ।

ज) "उद्यम कोष संचालन समिति" भन्नाले उद्यम कोष संचालन गर्ने समितिलाई सम्झनु पर्दछ ।

झ) "संरक्षक समिति" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमका संरक्षणका लागि गठित समिति सम्झनु पर्दछ ।

ञ) "साझेदार संस्था भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालनका लागि प्राविधिक सेवार सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनु पर्दछ ।

ट) "पूर्व विद्यार्थी मञ्च" भन्नाले विगतमा सम्बन्धित शैक्षिक संस्थामा अध्ययन गरी हाल विभिन्न निकाय तथा क्षेत्रमा रहेका विद्यार्थीहरुबाट गठन भएको मञ्च सम्झनु पर्दछ ।

ठ) "विज्ञ" भन्नाले सम्बन्धित विषयमा ज्ञान, सीप, अनुभव र दक्षता भएको व्यक्ति सम्झनु पर्दछ ।

ड) "विद्यार्थी कल्याणका कार्यक्रम भन्नाले विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्ने विद्यार्थी प्रोत्साहनका कार्यक्रमहरुलाई सम्झनु पर्दछ ।

**४. उद्देश्यः**

(क) शैक्षिक संस्था मार्फत सामाजिक रुपान्तरण गर्ने ।

(ख) शैक्षिक संस्थालाई उद्यम गर्ने सिकाई स्थलको रुपमा विकास गर्ने ।

(ग) सार्वजनिक शिक्षामा गुणस्तर, नवप्रवर्तन तथा उद्यमशीलता विकास गरी शैक्षिक रुपान्तरण गर्ने ।

(घ) सार्वजनिक शिक्षाको सवलीकरण गर्ने ।

**५. लक्षित शैक्षिक संस्था:** गाउँपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयहरु लक्षित शैक्षिक संस्था हुनेछन् ।

**६. उद्यम क्षेत्र:** शैक्षिक संस्थाले उद्यम गर्न सकिने व्यावसायिक क्षेत्रहरु देहाय बमोजिम रहने छन् ।

क) कृषि तथा पशुपन्छीमा आधारित उद्यम व्यवसाय,

ख) वन (जडीबुटी, वनपैदावार) मा आधारित उद्यम व्यवसाय,

ग) विज्ञान तथा सूचना प्रविधि र संचारमा आधारित उद्यम व्यवसाय,

घ) पर्यटन प्रवर्द्धन (होटेल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम व्यवसाय,

ङ) निर्माणमा आधारित उद्यम व्यवसाय,

च) कलामा आधारित उद्यम व्यवसाय,

छ) संस्कृति, साहित्य सृजना, गीत संगीतमा आधारित भई गरिने व्यवसाय,

ज) विद्यालयले आवश्यकता महसुस गरी छनौट गरिने अन्य उद्यम व्यवसाय,

**७. विद्यार्थी उद्यम क्लब:** १) शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू गरिएका विद्यालयमा कक्षा ७,८,९,१०,११ र १२ कक्षामा अध्ययनरत् छात्र तथा छात्रा तर्फको प्रथम विद्यार्थी वा जेहेन्दर विद्यार्थी तथा विद्यालयले तोकेका अन्य ७ जना विद्यार्थी सम्मिलित १५ सदस्यीय विद्यार्थी उद्यमी क्लब रहनेछ ।

२) विद्यार्थी उद्यमी क्लबको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

क) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालन, रेखदेख र व्यवस्थापन गर्ने ।

ख) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालनको लागि सरोकारवालाहरुसँग सहकार्य, समन्वय, साझेदारी गर्ने ।

ग) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको लागि उपयुक्त उद्यम छनौट गर्ने

घ) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको कार्ययोजना बनाई लागू गर्ने ।

ङ) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको प्रोफाइल बनाई अभिलेख अद्यावधिक गर्ने ।

च) कम्तीमा वर्षको २ पटक अभिभावकहरुलाई सम्बन्धित उद्यमको विषयमा अभिमुखीकरण गर्ने ।

छ) उद्यम कोषबाट थप उद्यम विस्तार, उद्यमशीलता विकास तथा विद्यार्थी कल्याणका कार्यक्रम गर्ने ।

**८. उद्यम कोषको संचालन:** १) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू भएका शैक्षिक संस्थामा उद्यम संचालनका लागि स्थापित उद्यम कोष रहनेछ । उक्त कोषमा संचालन गर्नको लागि देहाय बमोजिम उद्यम कोष संचालक समिति रहनेछ ।

| | |
|---|---|
| क) विद्यालयको प्रधानाध्यापक | अध्यक्ष |
| ख) उद्यमी विद्यार्थी क्लबका अध्यक्ष | सदस्य |
| ग) विद्यालयको लेखा हेर्ने कर्मचारी | सदस्य सचिव |

२) उद्यम कोष संचालक समितिको काम कर्तव्य अधिकार बमोजिम हुनेछ ।

क) उद्यम कोष संचालन, रकम परिचालन र लेखाङ्कन गर्ने ।

ख) उद्यम कोषको आम्दानीबाट विद्यार्थी कल्याणका कार्यक्रम गर्न ५० प्रतिशतमा नबढ्ने गरी रकम निकासा गर्ने ।

ग) उद्यम कोषको विस्तार, संरक्षण, संवर्द्धन गर्ने ।

घ) उद्यम कोषमा जम्मा भएको रकमको उच्चतम सदुपयोग गर्ने ।

ङ) अन्य आवश्यक कामहरु गर्ने गराउने ।

३) उद्यम कोष देहाय बमोजिमको रकम जम्मा गर्नुपर्नेछ ।

क) शैक्षिक संस्थामा अध्ययनरत् विद्यार्थीका अभिभावकहरुबाट उद्यम गर्न वार्षिक रुपमा संकलित रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त आम्दानी ।

ग) उद्यमबाट प्राप्त आम्दानी ।

घ) पूर्व विद्यार्थी मन्चबाट उद्यम संचालनार्थ स्वेच्छिक रुपमा प्राप्त रकम ।

ङ) गाउँपालिकाबाट प्राप्त रकम ।

च) अन्य व्यक्ति संघसंस्थाबाट अनुदान स्वरुप प्राप्त रकम ।

४) उद्यम कोषबाट देहायअनुसार खर्च गर्न सकिनेछ । उद्यम कोषको सम्पूर्ण आम्दानी उद्यम संचालन, विस्तार तथा प्रवर्द्धन खर्च गर्नु पर्नेछ । उद्यम कोषको आम्दानीको ५० प्रतिशतमा नबढ्ने गरी विद्यार्थी कल्याणका कार्यक्रममा खर्च गर्न सकिनेछ । विद्यार्थी कल्याण कार्यक्रम अन्तर्गत आर्थिक र सामाजिक रुपमा पछाडि परेका दलित, जनजाति, अपाङग, अनाथ, विपन्न, जेहेन्दार तथा उद्यम कोषले आवश्यक ठानेका बालबालिकालाई छात्रवृत्ति, स्टेशनरी, शैक्षिक सामाग्री लगायतका सहायताका कार्यक्रम पर्दछन ।

**९. संरक्षक समितिको गठनः** १) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको संरक्षकका रुपमा देहाय बमोजिम एक संरक्षक समिति रहनेछः

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष — अध्यक्ष

ख) विद्यालय रहेको वडाको वडाध्यक्ष — सदस्य

ग) विद्यालयको प्रधानाध्यापक — सदस्य सचिव

२) संरक्षक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हनेछः

क) अभिभावकहरुलाई कार्यक्रमको विषयमा अभिमुखीकरण गरी उद्यम कोषमा रकम जुटाउने ।

ख) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमलाई आवश्यक पर्ने सहयोग जुटाउने ।

ग) विद्यार्थी उद्यमी क्लवलाई उद्यम संचालनको लागि सबै प्रकारको सहजीकरण, क्षमता विकासका कार्यक्रम संचालन गर्ने गराउने ।

घ) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको समग्र अनुगमन मूल्याङ्कन तथा उद्यम प्रोफाइल तयार गरी सम्बन्धीत निकायमा पेश गर्न लगाउने ।

**१०. शैक्षिक संस्था छनौटका आधारहरुः** १) दफा ६ मा उल्लेखित उद्यम क्षेत्रहरु मध्ये कुनै एक क्षेत्रमा उद्यम गर्न इच्छुक शैक्षिक संस्थालाई उद्यम संचालन गर्नका लागि देहायका छनौटका आधारहरु निर्धारण गरिएको छ ।

| क.स. | छनौटका आधारहरु | बढीमा १०० अंक |
|---|---|---|
| १ | उद्यम परियोजना प्रस्ताव | ४० |
| २ | उद्यम कोष स्थापना भएको | १० |
| ३ | उद्यमी विद्यार्थी क्लबको गठन भएको | १० |
| ४ | पूर्व विद्यार्थी मन्च गठन भएको | १० |
| ५ | सम्बन्धीत वडाको सिफारिस | ५ |
| ६ | विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता | ५ |
| ७ | भैतिक पूर्वाधार (पानी, विजुली, जग्गा) | २० |

**११. सूचना प्रकाशन:** १) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा सहभागिताका लागि गाउँपालिकाको कार्यालयबाट इच्छुक शैक्षिक संस्थाहरुको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

२) उपदफा (१) बमोजि सूचना प्रकाशित भएपछि एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालन गर्न चाहने विद्यालयहरुले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन र अनुसूची २ बमोजिमको ढाँचामा उद्यमको व्यावसायिक परियोजना प्रस्ताव पेश गर्नुपर्नेछ।

३) शैक्षिक संस्था छनौट समिति: गाउँपालिकाको कार्यालयमा प्राप्त भएका प्रस्ताव र व्यवसायिक योजना मूल्याङ्कन गरी छनौट गर्न सम्बन्धित क्षेत्रको विज्ञ समेत रहने गरी कम्तीमा पाँच सदस्य समिति मार्फत शैक्षिक संस्था छनौट गर्नुपर्नेछ।

४) शैक्षिक संस्था छनौट समितिको बैठक सम्बन्धी कार्यविधि र छनौट सम्बन्धी आवश्यक मापदण्ड सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५) शैक्षिक संस्था छनौट समितिले प्राप्त उद्यम परियोजना प्रस्ताव उपर छानविन तथा आवश्यकता अनुसार विद्यालयहरुको स्थलगत अनुगमन समेत गर्न सक्नेछ।

६) शैक्षिक संस्था छनौट गर्दा छनौट समितिले जिल्ला युवा समितिको पनि सहयोग लिन सक्नेछ।

**१२. उद्यम सम्झौता:** १) शैक्षिक संस्था छनौट समितिबाट छनौट भएका शैक्षिक संस्था र पालिकाबीच तोकिए बमोजिम अनुसूची ३ को ढाँचामा द्विपक्षीय सम्झौत गरिनेछ।

**१३. प्रतिवेदन:** १) शैक्षिक संस्थाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालन गर्न गरेको सम्झौता भएको एक महिना भित्र प्रारम्भिक प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ। त्यसपछि चौमासिक रुपमा वित्तीय र भौतिक प्रगति पठाउनु पर्नेछ।

**१४. लेखा परीक्षण:** १) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा र छुट्टै राख्नु पर्नेछ।

२) उद्यमको आर्थिक कारोवारको लेखापरीक्षण शैक्षिक संस्थाले सूचिकृत गरेका दर्तावाल लेखा परीक्षक मध्येबाट गराउनु पर्नेछ।

३) लेखा परीक्षाकाको प्रतिवेदनलाई सामाजिक लेखा परीक्षा गरी सार्वजनिक गर्ने दायित्व सम्बन्धीत शैक्षिक संस्थको हुनेछ।

**१५. अनुगमन तथा मूल्याङ्कन:** १) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको अनुगमन सम्बन्धित अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र सम्बन्धित गाउँपालिकाबाट समेत गरिनेछ। यसको अभिलेख विद्यार्थी उद्यमी क्लबले राख्नुपर्नेछ।

२) आवश्यकता अनुसारको प्रदेश सरकार र केन्द्रिय निकाय र सरोकारवाला पक्षबाट पनि कार्यक्रमको प्रभावकारीताका लागि अनुगमन निरीक्षण समेत गरी पृष्ठपोषण तथा सुझावहरु लिन सक्ने छ।

**१६. पुरस्कार:** गाउँपालिकाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमलाई प्रभावकारी र नतिजामुखी बनाउन निम्न सूचकका आधारमा उच्चतम अङ्क हाँसिल गर्ने शैक्षिक संस्थालाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्न सक्नेछ।

क) अधिकतम रोजगार सिर्जनाको अवस्था,

ख) स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग,

ग) निर्यातमा वृद्धि र आयातमा प्रतिस्थान पुऱ्याएको,

घ) उत्पादन गरिएका सामाग्रीहरुको गुणस्तर,

ङ) उद्यम मार्फत नवप्रवर्द्धन तथा उद्यमशीलता विकास,

च) अभिभावक, स्थानीय समुदाय तथा क्षेत्रमा पारेको सकारात्मक प्रभाव,

छ) उद्यम कोषको आय वृद्धि भएको अवस्था,

ज) कार्ययोजना अनुसार कार्य सम्पादन भएको,

**१७. दण्ड सजाय:** १) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा छनौट भएको शैक्षिक संस्थाले प्रस्ताव गरिए बमोजिमको सम्झौता गर्न नआएमा त्यस्ता शैक्षिक संस्थालाई गाउँपालिकाबाट संचालन गरिने कार्यक्रमहरुमा सहभागी गराईने छैन ।

२) शैक्षिक संस्थासँग सम्झौत भईसकेपछि सम्झौता अनुसार गुणस्तरीय कार्य सम्पन्न नगरेमा तथा दिइएको बजेट हिनामिना गरेमा उक्त शैक्षिक संस्थाबाट क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ ।

**१८. विविध:** यस कार्यविधि बमोजिम एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१९. निर्देशनको पालना:** गाउँपालिकाले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

**२०. कार्यढाँचा संसोधन गर्न सक्ने:** आवश्यकता अनुसार गाउँकार्यपालिकाबाट कार्यढाँचा संशोधन गर्न सकिनेछ ।

**२१. बाधा अड्काउ फुकाउने:** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा गाउँ कार्यपालिकाबाट बाधा अड्काउ फुकाउन सकिनेछ ।

अनुसूची १

(दफा ११ को उपदफा २ सँग सम्बन्धित)

श्रीमान् अध्यक्ष ज्यू,
उमाकुण्ड गाउँपालिका,
प्रिती, रामेछाप ।

महोदय,

त्यस गाउँपालिकाबाट मिति ......................... मा प्रकाशित सूचना अनुसारको हाम्रो विद्यालयमा एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालन गर्ने इच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ ।

१. विद्यालयको नाम र ठेगाना:

२. प्रधानाध्यापकको नाम र सम्पर्क नं:

३. उद्यमी विद्यार्थी क्लबको अध्यक्षको नाम र सम्पर्क नं:

४. उद्यम गर्न चाहेको व्यवसायिक क्षेत्र:

५. कुल विद्यार्थी संख्या:

६. जग्गा सम्बन्धी विवरण:

क. विद्यालयको नाममा रहेको:

ख. विद्यालयको हकभोग प्राप्त:

ग. वर्तमानमा उपयोगको अवस्था:

घ. भौतिक पूर्वाधार सम्बन्धी विवरण:

१. कक्षाकोठा संख्या:

२. कक्षाकोठा उपयोगको अवस्था:

३. प्रयोगशालाको अवस्था:

४. पानी विजुलीको उपलब्धत:

ङ. उपलब्ध अन्य साधन स्रोतको विवरण:

च. उद्यम कोष सम्बन्धी विवरण:

१. कोष रहेको बैंकको नाम:

२. कोष संचालकहरुको नाम:

३. खाता नं:

हस्ताक्षर
उद्यमी विद्यार्थी क्लब अध्यक्षको नाम:
मिति:

हस्ताक्षर
प्रधानाध्यापकको नाम
मिति:

## अनुसूची २

(दफा ११ को उपदफा २ सँग सम्बन्धित)

| क.स. | विवरण | विवरणको विस्तृतीकरण |
|---|---|---|
| १ | उद्यमको नाम, संक्षिप्त परिचय र उद्देश्य | विद्यार्थी उद्यमी क्लबको नामः ......................<br>उद्यमको संक्षिप्त परिचयः ................................<br>उद्यमको उद्देश्यः .....................................<br>उद्यमको क्षेत्रः ..................................<br>उद्यमबाट उत्पादन हुने वस्तुको नामः ............... |
| २ | उद्यम संचालन हुन स्थान | प्रदेशः ............................ जिल्लाः .................<br>गाउँपालिकाः ......................... वडा नंः ............<br>टोलः .......................... |
| ३ | उद्यममा संलग्न हुन अनुमानित जनशक्ति | छात्रः ....................... छात्राः ........................<br>जनशक्तिको प्राप्तिः ............................ (स्थानीय स्तर वा बाहय) |
| ४ | प्रयोग हुने कच्चा पदार्थ | कच्चा पदार्थको नामः ........................<br>स्रोत (स्थानीय स्तर वा बाहय) ..................... |
| ५ | प्रयोग हुने मेसिनरी औजारको विवरण | नामः ........................ अनुमानित लागतः ...........<br>स्रोत (स्थानीय स्तर वा बाहय) ..................... |
| ६ | उद्यमका लागि अनुमानित लागत | कूल रु. .................. चल पुँजी रु. .............<br>अचल पुँजी रु. .................<br>अचल पुँजीको नामः ................<br>आफ्नो लगानीः ..................<br>बाहय लगानीः ...................... |
| ७ | उत्पादित वस्तुको बजार क्षेत्र | बजारको नामः..............................<br>दुरीः ..........................<br>ढुवानी खर्चः .....................<br>लक्षित ग्राहकहरुः .......................<br>प्रतिस्पर्धाको अवस्थाः .......................<br>बजार विकासको सम्भावनाः ............... |
| ८ | व्यवसायबाट हुने अनुमानित आम्दानी | जम्मा वार्षिक अनुमानित आम्दानी रुः ..................<br>जम्मा अनुमानित वार्षिक खर्चः ......................<br>वार्षिक अनुमानित नाफा रु. ...................... |
| ९ | रोजगारी पाउने विद्यार्थी अनुमानित संख्या ( विद्यार्थी उद्यमी क्लब बाहेक) | छात्रः ..........................<br>छात्राः ..........................<br>अन्यः ........................<br>जम्माः ..................... |
| १० | उद्यम संचालन गर्न आवश्यक प्राविधिक जनशक्तिको उपलब्धता | उपलब्ध रहेकोः ......................<br>उपलब्ध नरहेकोः ...................... |
| ११ | अन्य (प्रविधिको प्रयोग) | ....................... |
| १२ | उद्यमको कार्यान्वयन योजना (५ वर्षको) | .......................... |

अनुसूची ३

## दफा ११ सँग सम्बन्धित

## गाउँपालिका र कार्यक्रम संचालन गर्ने विद्यालय बीच सम्झौता

आज मिति ........................ का दिन ..........................माध्यमिक विद्यालय (यसपछि दोस्रो पक्ष भनिएको) र उमाकुण्ड गाउँपालिका (यसपछि प्रथम पक्ष भनिएको) बीच देहाय उल्लेखित शर्तहरुको अधिनमा रही एक शैक्षिक एक उद्यम कार्यक्रम संचालन गर्नका लागि सहमति कायम गरी यो दुई पक्षीय सम्झौता गरिएको छ ।

**सम्झौताका शर्तहरु:**

१. कार्यक्रम संचालनको क्रममा दोस्रो पक्षले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालन कार्यविधि, २०७८ मा भएको व्यवस्थाहरुको पूर्ण पालना गर्नु गराउनु गर्नेछ ।

२. प्रथम पक्षद्धारा प्रदान गरिएको अनुदान माग शीर्षकमा नै खर्च गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ ।

३. कार्यक्रम संचालनको क्रममा प्रथम पक्षले दोस्रो पक्षको अनुगमन गर्न सक्नेछ ।

४. अनुदान रकमको दुरुपयोग हुन नदिनको लागि दोस्रो पक्षले आवश्यक व्यवस्था मिलाउने र प्रथम पक्षले त्यसमा आवश्यक सहयोग गर्नेछ ।

५. कार्यक्रम संचलान गर्ने कुनै समस्या देखा परेमा दुवै पक्षबीच सहमति कायम गरी यस सम्झौत पत्रमा आवश्यक परिमार्जन गर्न सकिनेछ । दोस्रो पक्षले चौमासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

६ प्रथम पक्षले दोस्रो पक्षलाई एकमुष्ठ रु. ...................................(अक्षरुपी .............................मात्र) विद्यालय उद्यम कोषको लागि उपलब्ध गराउनेछ । उपलब्ध गराएको रकममा मूल पूँजीमा नघट्ने गरी दोस्रो पक्षले उद्यम संचालन,विस्तार तथा प्रवर्धनमा उच्चतम उपयोग हुने गरी खर्च गर्नुपर्नेछ ।

७. यो सम्झौता पत्रमा उल्लेख नभएका विषयमा एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालन कार्यविधि, २०७८ बमोजिम हुनेछ ।

प्रथम पक्षबाट
नाम:
पद:
हस्ताक्षर:
मिति:
कार्यालयको छाप:

दोस्रो पक्षबाट
नाम:
पद:
हस्ताक्षर:
मिति:
विद्यालयको छाप: